राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १०४ २०८२ कात्तिक २८ गते शुक्रवार (14 Nov. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

### मधेशमा सत्तासंघर्ष

## जनकपुरधाममा सत्ता पक्ष र विपक्षको शक्ति प्रदर्शन

दैनिक समाचारदाता

जनकपुरधाम, २७ कात्तिक । मधेश प्रदेशको राजनीतिक वृत फेरि अस्थिरताको चपेटामा परेको छ । राजधानी जनकपुरधाम बिहीवार सत्ता पक्ष र विपक्ष दुबैको शक्ति प्रदर्शनले राजनीतिक तापक्रम असामान्य बनेको छ । एकातिर नव नियुक्त मुख्यमन्त्री सरोजकुमार यादवको स्वागत र विजय उत्सवको माहोल थियो भने अर्कातिर सात दलीय गठबन्धनको विरोध र नाराबाजीले जनकपुरधामको सडक राजनीतिक रंगमञ्चमा परिणत भएको थियो ।

नव नियुक्त मुख्यमन्त्री सरोजकुमार यादवलाई स्वागत गर्न नेकपा एमालेका नेता तथा कार्यकर्ताहरू ठूलो संख्यामा विमानस्थल पुगेका थिए । मुख्यमन्त्रीको जयजयकार गर्दै उनीहरूले जनकपुरधामका विभिन्न मार्गमा मोटरसाइकल ¥याली सहित शक्ति प्रदर्शन गरे । कार्यकर्ताहरूले 'मधेशमा स्थायित्वको नेतृत्व एमालेबाट' जस्ता नारासहित उत्सवमय वातावरण सृजना गरेका थिए ।



उनीहरूको भनाइमा एमालेको नेतृत्वमा बनेको नयाँ सरकारले मधेश प्रदेशमा राजनीतिक स्थायित्व र विकासको बाटो खोल्नेछ ।

त्यस्तै, विपक्षी सात दलीय गठबन्धनले भने यसै दिन सडकमा अवतरण गर्दै मधेश प्रदेशमा एमाले नेतृत्वको सरकार गठनको विरोधमा आन्दोलन चर्काएको छ । नेपाली काँग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्त पार्टी, जनमत पार्टी र नेपाल समाजवादी पार्टीको साझा पहलमा जनकपुरधाममा विरोध ¥याली निकालिएको थियो । मधेश भवनको मुख्य प्रवेशद्वारबाट सुरु भएको विरोध ¥याली नगरका मुख्य सडक परिक्रमा गर्दै नाराबाजीका साथ सम्पन्न भयो । ¥यालीमा मधेश प्रदेशका पूर्वमन्त्रीहरू, प्रदेशसभा सदस्यहरू, विभिन्न दलका नेता तथा कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

गठबन्धनले मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्तिलाई असंवैधानिक भन्दै निरन्तर विरोध गर्दै आएको छ ।

बाँकी पृष्ठ ३मा

## सभामुख मण्डलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता




दैनिक समाचारदाता

जनकपुरधाम, २७ कात्तिक । मुख्यमन्त्री नियुक्तिको विरोधमा रहेका सात दलीय गठबन्धन मधेश प्रदेशका सभामुख रामचन्द्र मण्डलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न प्रदेश सभा सचिवालय पुगेका छन् ।

६४ जना प्रदेश सांसदको हस्ताक्षरसहित प्रदेश सभा सचिवालय पुगेका उनीहरूलाई एमाले कार्यकर्ताले अवरोधको प्रयास गरेका छन् । तर, एमालेको अवरोध छिचोल्दै सात दलीय गठबन्धनका सांसदहरू सभामुख मण्डलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्न उपसभामुख समक्ष पुगेका छन् ।

सभामुखविरुद्ध नै अविश्वासको प्रस्ताव आएकोले उपसभामुखले उक्त अविश्वासको प्रस्तावमाथि तोक लगाउने व्यवस्था रहेकोले उनीहरू उपसभामुखको कार्यकक्ष पुगेका हुन् ।

उपसभामुख बबिता राउत इशरले सात दलीय गठबन्धनले ल्याएको अविश्वासको प्रस्तावमा तोक लगाइसकेकी छन् । तर कर्मचारीले भने सचिवालयमा दर्ता गर्न बाँकी रहेको जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले बताए । सभामुख मण्डलले आफूविरुद्ध परेको अविश्वासको प्रस्ताव दर्ता गर्न कर्मचारीलाई रोकिरहेको यादवको आरोप छ ।

गत शनिबार तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने बेला सभामुख मण्डलले तटस्थ भूमिका नखेलेको भन्दै नेपाली कांग्रेससहितका सात दल मण्डललाई पदमुक्त गर्नुपर्ने माग गर्दै आएका थिए ।

सभामुख मण्डल एमालेबाट

बाँकी पृष्ठ ३मा

## राष्ट्रिय परिचयपत्रबाटै मतदाता नामावली दर्ता सम्भव :निर्वाचन आयोग

दैनिक समाचारदाता

काठमाडौं, २७ कात्तिक । राष्ट्रिय परिचयपत्र पाएका व्यक्तिले मतदाता नामावलीका लागि निर्वाचन कार्यालय पुग्न नपर्ने भएको छ । आफूलाई सहज हुने स्थानबाटै फारम भरेपछि स्वतः राष्ट्रिय परिचयपत्रमा भएको विवरण मतदाता नामावलीका लागि प्रयोग गर्ने व्यवस्था मिलाइएको हो ।

निर्वाचन आयोगले आजैबाट लागू हुनेगरी राष्ट्रिय परिचयपत्र बनाएका व्यक्तिको हकमा अनलाइनबाट फारम मात्रै भरे हुने व्यवस्था गरेको हो ।

कार्यबाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीका अुनसार, अनलाइन मतदाता नामावली संकलन गर्नेहरूको नेशनल आइडि कार्ड (राष्ट्रिय परिचयपत्र) बाट बायोमेट्रिक लिएर नामावली संकलनका लागि थप सहज बनाइएको जानकारी दिए ।



*निर्वाचन कार्यालय जनकपुरधाममा मतदाता परिचयपत्र बनाउनेहरुको घुइचो*

'अहिले हाम्रो नेशनल आइडि (राष्ट्रिय परिचयपत्र) को भण्डारमा जम्मा भएको बायोमेट्रिक अनलाइनमा भर्नुभएको निवेदनमा ल्याएर जोड्ने र छानविन गरेर नामावली प्रकाशन गर्ने भन्ने निर्णय गरेका छौँ । त्यसले तपाईंहरूका सबै मागलाई सम्बोधन गर्दछ,' भण्डारीले भने ।

जेनजी प्रतिनिधिहरूसँगको छलफलका क्रममा मतदाता नामावली संकलनलाई थप सहज बनाउन आयोगले यस्तो व्यवस्था गरेको उनको भनाइ छ ।

यसका लागि आयोगले बुधबार रातभर प्राविधिक काम गरेको थियो ।

अहिले धेरै नागरिकहरूले राष्ट्रिय परिचयपत्र बनाइसकेकाले मतदाता नामावलीका लागि थप सहज हुने विश्वास आयोगले लिएको छ ।


राष्ट्रिय बनाइसकेका नागरिकहरू भए अब अनलाइनबाट मतदाता नामावली संकलन गर्नेहरूको बायोमेट्रिक नेशनल आइडी कार्डबाटै लिइनेछ ।

सरकारले ३० कात्तिकसम्म मतदाता नामावली दर्ता गर्ने समय सीमा तोकेको छ । यो समय सकिन अब तीन दिन मात्र बाँकी छ ।

तर, ठूलो संख्यामा मतदाता नामावलीमा नाम दर्ता

बाँकी पृष्ठ ३मा


## अब अनलाइनबाट बुकिङ्को सुविधा





- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि


www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# मधेशमा हरियो सपना बगायो वर्षाले

यस वर्षको कात्तिक महिनाले मधेशका किसानहरूलाई न त उत्सवको उल्लास दियो, न त पसिनाको फल। चार दिन लगातार परेको अविरल वर्षाले मधेश प्रदेशका आठ जिल्लामा किसानहरूको वर्षभरको परिश्रम पानीमै बगाएको छ। कृषि विकास निर्देशनालयका अनुसार पाँच अर्बभन्दा बढी मूल्य बराबरको एक लाख ४७ हजार मेट्रिक टनभन्दा बढी धान नष्ट हुनु केवल आर्थिक क्षति होइन, यो किसानको मनोबलमाथिको गहिरो प्रहार हो।

मधेशको कृषि केवल जीवनयापनको माध्यम होइन, यहाँको संस्कृति, पहिचान र अर्थतन्त्रको मेरुदण्ड हो। तर हरेक वर्ष जस्तै यस वर्ष पनि विपद् व्यवस्थापनका योजना कागजमै सीमित रहे। अविरल वर्षाको पूर्वसूचना त आयो, तर किसानका खेतसम्म त्यो सूचना पुग्न सकेन। थन्काएर राखिएको धान खेतमै कुहियो, घरमा भित्र्याउन नपाउँदै बगायो। यो विडम्बना हो कि देश कृषि प्रधान भनिँदै आएको छ, तर किसान अझै मौसमको कृपामाथि निर्भर छन्।

सबैभन्दा बढी क्षति सिरहा जिल्लामा भएको छ–४१ हजार हेक्टरभन्दा बढी क्षेत्रफलको धानबाली नष्ट भयो। सिरहा मात्र होइन, सर्लाही, धनुषा, महोत्तरी, रौतहट, पर्सा, बारा र सप्तरीका खेतहरू पनि यतिखेर चुपचाप छन्–माटो भिजेको छ, तर आशा सुकिसकेको छ।

प्रत्येक वर्ष यस्तै बाढी, असिना, वर्षा वा सुख्खाले मधेशका किसानलाई आघात पुर्‍याउँछ। तर सरकार र प्रदेशका नीति–निर्माताहरू मौन रहन्छन्। कृषिमा लगानी बढाउने कुरा बजेट भाषणमा हुन्छ, तर किसानसम्म राहत पुग्दैन। यस वर्षको क्षति पाँच अर्बभन्दा बढी आँकिएको छ–तर राहत र पुनर्स्थापनाका लागि अझै स्पष्ट योजना सार्वजनिक भएको छैन।

अब प्रश्न उठ्छ–कृषि मन्त्रालय र प्रदेश सरकार कहाँ व्यस्त छन्? यदि मधेशको अर्थतन्त्र कृषिमा आधारित छ भने हरेक वर्ष यस्ता प्राकृतिक विपद्को जोखिम घटाउने दीर्घकालीन नीति किन बन्न सकेको छैन? किसानबीमा, भण्डारण, सिँचाइ र पूर्वसूचना प्रणाली अझै कमजोर किन छन्?

आजको वास्तविकता के हो भने–धान काट्ने बेलामा आएको वर्षाले केवल बाली मात्र होइन, किसानको आत्मविश्वास पनि बगाएको छ। र, जब किसान निराश हुन्छ, तब देशको उत्पादनशक्ति नै कमजोर हुन्छ।

मधेश प्रदेश सरकारले तत्काल क्षतिको यथार्थ मूल्याङ्कन गरी प्रभावित किसानलाई राहत वितरण गर्नुपर्छ। तर राहतले मात्र समस्या समाधान हुँदैन–अब दीर्घकालीन कृषि सुरक्षा रणनीति तयार गर्न आवश्यक छ। जलवायु परिवर्तनको असर तीव्र हुँदै गएको सन्दर्भमा, मधेशका खेतीयोग्य क्षेत्रहरूलाई संरक्षण गर्न 'क्लाइमेट-रेजिलिएन्ट एग्रिकल्चर' कार्यक्रम तत्काल लागू गर्नुपर्छ।

कृषि नेपालको मेरुदण्ड हो, र मधेश त्यस मेरुदण्डको मर्मस्थल। यदि हरेक वर्ष यसरी वर्षाले खेत र किसान दुवै बगाइरह्यो भने, कृषि नीति, खाद्य सुरक्षाको सपना र ग्रामीण जीवनको स्थायित्व सबै खतरा भित्र पर्नेछ।

अब पनि सरकार, प्रदेश र स्थानीय तहले सर्तक कदम नचाले, अर्को वर्षको अविरल वर्षा केवल खेत मात्र होइन, विश्वास पनि बगाउनेछ।

# जेनजी आन्दोलन वरिपरिको मन्थन



सन्देश पौड्याल

देश अहिले निकै उकुसमुकुसको अवस्थामा छ। राजनीतिक परिवर्तनहरूले उत्तर दिनुपर्नेमा अहिले प्रश्न धेरै खडा भएका छन्। चुनाव होला कि नहोला? चुनाव भयो भने राजनीतिक दलहरूले त्यसलाई सहर्ष स्वीकार गर्लान् कि नगर्लान्? चुनावमा र ाजनीतिक दलहरूले भाग लिएनन् भने के हुन्छ? चुनाव हुँदा अहिलेकै संविधान अनुरूप होला कि नहोला? चुनावसम्मै अहिलेको सरकार जाला कि नजाला? भ्रष्टाचारको छानबिन होला कि नहोला? प्रश्न धेरै छन्, उत्तर निकै कम।

भदौ २३ र २४ गतेको विद्रोहले आशा कम, संशय र अनिश्चितता बढाएको प्रतीत हुन्छ। त्यसो त त्यो विद्रोह भ्रष्टाचार र अभिव्यक्ति स्वतन्त्रता विरुद्धको मात्र शालीन प्रदर्शन थियो, जुन दुई तिहाइ बलियो सरकारको दम्भका कारण उग्र प्रदर्शन र ध्वंसमा परिणत भएको थियो। राजनीति सही कोर्समा नहुँदा, सरकार जनताबाट टाढा हुँदा र संविधानसम्मत व्यवस्थाले नै जनतामा आशाको सञ्चार गर्न नसक्दा र ाजनीतिक स्थिरता भित्रभित्रै पनि विद्रोह र आक्रोशको ज्वाला सुषुप्त ढङ्गले बलिरहेकै थियो, जुन २३ र २४ गते प्रस्फुटन भएको हो।

स्पष्ट एजेन्डा र नेतृत्व सहित आन्दोलन भएको भए यति धेरै संशय उत्पन्न हुने थिएन होला, यति धेरै षड्यन्त्रका सस्ता बौद्धिक विश्लेषण आउने थिएनन् होला, आगामी बाटो यति धमिलो देखिने थिएन होला। तर अहिलेलाई त्यो एउटा काल्पनिक इच्छा मात्र रहने भयो।

के कारणले कसैले नसोचेको त्यस्तो दु:खद् घटना भयो त? उत्तर विभाजित छन्, भू-राजनीतिक चलखेल मात्र हो भनेर देख्ने एक अतिवादी तप्का छ भने आन्तरिक कारण मात्र हो भन्ने अर्को अतिवादी। मैले हेर्दा चाहिं यो आन्दोलनको कारणलाई निम्नानुसार हेर्ने गरेको छु:

***७० प्रतिशत राजनीतिक असफलता***

संसद् र सरकारले जनताको आधारभूत आकाङ्क्षा पनि पूरा गर्न नसकेको अवस्था हो। आम मानिस ठोक्किने मालपोत, नापी, कर, श्रम, कम्पनी र जिस्ट्रार, न्याय, शिक्षण संस्था, सार्वजनिक यातायात, विपद् व्यवस्थापन कतै कुनै पनि कार्यालयहरूले आशातीत सेवा दिन सकिरहेका थिएनन्। स-साना काममा पनि सोर्सफोर्स लगाउनुपर्ने, घुस दिनुपर्ने, आफ्ना र पर इ छुट्याउने अनि जनतालाई दोस्रो दर्जाको नागरिक बनाउने कु-व्यवस्था मौलाएको थियो। शक्तिको आडमा जनतालाई शासन गर्ने प्रणालीले आम मानिस आजित थियौं। राजनीतिक नेतृत्व थकित अवस्था थियो। र ाजनीतिक दलहरूभित्र परिवर्तन हुँदैन भन्ने भाष्य स्थापित जस्तै थियो। दोस्रो-तेस्रो तहका आशा गरिएका नेताहरू पनि अस्तित्वकै लडाइँ लड्नुपर ेको वा नेतृत्वको पिछलग्गु बनेको अवस्थाले पनि यही राजनीतिले परि वर्तन ल्याउन सक्छ भन्ने विश्वास उडिसकेको अवस्था थियो।

आम मानिसको आशा धुमिल पारिएको थियो। प्रगति र विकास, सत्ता र शक्तिका नजिकको मात्र नसिबमा हुन्छ भन्ने भाष्य जबर्जस्त स्थापित भएको थियो। राजनीतिक नेतृत्व एजेन्डाविहीन नै भएको भएर होला शायद राजनीतिको कोर्स सरकार परिवर्तन, तुच्छ टिप्पणी र हलुका विषयहरूमा केन्द्रित थियो। स्पष्ट कुरा कहींबाट आएको थिएन, हाम्रो वर्तमान अवस्था कस्तो छ भन्ने विषय निरपेक्ष हुनुपर्नेमा गोलमटोल जवाफमा सीमित थियो।

राजनीतिक अधिकार, शक्तिको बाँडफाँड र शक्तिपृथकीकरणको सवालमा केही छिद्र भए पनि मूलत: समाधान भइसकेको अवस्था थियो। धेरै चर्चामा आएर पनि काम नभएको चाहिं आर्थिक सुधारका काम थिए। मूल नेतृत्व मूलत: राजनीतिक आन्दोलनबाट मात्र आएको भएर होला आर्थिक सुधार र त्यसतर्फको प्रयास कहिल्यै पनि प्राथमिकतामा परेको प्रत्याभूति हुन सकेन।आर्थिक सुधारको सवालमा देखिएको सोही अकर्मण्यता नै अहिलेको राजनीतिक विद्रोहको कारण हुन गयो। देशको साधन-स्रोत र त्यसको उपयोगको अवस्था, उत्पादन र वितरण सम्बन्धको अवस्था, आर्थिक सुशासनको अवस्था कमजोर भएर पनि समयमा त्यसतर्फ यथोचित ध्यान नदिंदा, आर्थिक क्रान्तितर्फ उन्मुख नहुँदा त्यसले फेरि देशलाई राजनीतिक विद्रोहको अवस्थामा पुर्‍याएको हो।

राजनीतिले समाधान र यथोचित समाधान दिन नसकेको अर्को पाटो सार्वजनिक सेवाको गुणस्तर पनि मुख्य हो, जुन माथि पनि स्पष्ट पारिएको छ।

***१० प्रतिशत भ्रामक र अतिरञ्जित सूचना***

सामाजिक सञ्जाल अभिव्यक्ति स्वतन्त्रताको धरोहर नै हो। तर अहिले सामाजिक सञ्जालको जञ्जालले हामीलाई एउटा प्रश्न छोडेर गएको छ, 'अभिव्यक्ति स्वतन्त्रता र आर्थिक लाभका लागि त्यसको दुरुपयोग बीचको भेद कसरी छुट्याउने?' भाइरल हुनैपर्ने मानसिकता दह्रोसँग स्थापित भएको छ, सफलता नै तपाईंलाई सामाजिक सञ्जालमा पछ्याउने भीडको आधारमा मापन हुन थालेको छ।

यो विषय हाम्रो शिक्षासँग पनि जोडिएको छ। हाम्रो सामूहिक आलोचनात्मक चेतको खडेरी हामीले धेरै पटक फेस गरिसकेका छौं।

सामाजिक सञ्जालमा लेखिएका कुरा कसैको व्यक्तिगत सोच पनि हुनसक्छ भन्ने बुझ्न हामीलाई अझ केही समय लाग्ने देखिन्छ। सूचनाका आवर णमा आउने विचार समाचार नहुन सक्छ भन्ने हामीलाई बुझ्न समय लाग्ने देखिन्छ, अल्गोरिदमले हाम्रो आग्रह, पूर्वाग्रहका आधारमा, हामीलाई धेरैभन्दा धेरै समय मोबाइलमा झुन्ड्याउने व्यावसायिक आधारमा काम गर्छन् भन्ने बुझाइ त परै जाओस्।

मूलधारको पत्रकारिताले धेरै विश्वास गुमाएको अवस्थामा झन् अवस्था भयावह भएकै हो। घरभित्र नै दुई पुस्ताबीच आग्रह-पूर्वाग्रहका आधारमा ध्रुवीकरण गर्नेसम्म अवस्था आएको छ। मानवीय गुणको आधारमा भनिने अङ्ग्रेजीमा एउटा भनाइ छ, 'नकारात्मक समाचार र अफवाह चाँडो फैलिन्छ, सकारात्मक कुराले विचारको कठघरामा परीक्षा दिनुपर्छ', यो कुरा विश्वमै औसत धेरै सामाजिक सञ्जाल चलाउने हामी नेपालीलाई झन् बढी लागू हुन्छ।

पुराना, परीक्षित राजनीतिक शक्तिलाई मात्र होइन, यो विषयले 'नयाँ', जनसरोकारको पनि परीक्षा लिइराखेको छ।

***१० प्रतिशत तात्कालिक कारण***

सामाजिक सञ्जाल बन्द गर्ने निर्णय पूर्णत: गलत थियो। कस्तो नियमन खोजेको हो भन्ने विषय स्पष्ट र पारदर्शी हिसाबले राखिएको थिएन। गिर्दो राजनीतिक साखले अवस्था झनै बढाएको अवश्य हो।

त्यसो त के सामाजिक सञ्जाल बन्द नभएको भए यो आन्दोलन हुने थिएन त? पक्कै होइन, तर यति धेरै युवालाई अन्य कारणबाट आन्दोलित गराउन धेरै गाह्रो, लगभग असम्भव थियो। अर्ध सुकेको काठमा घिउ हाल्ने काम सामाजिक सञ्जालमा लागेको निषेधले पक्कै गरेको हो।

***१० प्रतिशत वैदेशिक कारण***

नेपाल भू-राजनीतिक केन्द्रमा छ भन्न विश्लेषक भइरहनै पर्दैन। पहिला पनि थियो, अहिले पनि छ, हाम्रो अस्तित्व रहिरहँदासम्म रहिरहनेछ। साधारणत: देशी-विदेशी शक्ति भनेर हामीले नेपालको जुनसुकै आन्दोलनलाई कथनीमा बाँधिहाल्छौं, जुन अहिले आउनु ताज्जुबको विषय होइन। स्पष्ट रूपमा कुन देशको नेपालमा के स्वार्थ छ भनेर भनेको पाइँदैन। मौसमी छ सबै। सत्तामा हुँदा एउटा विषय, सत्ता बाहिर अर्को। कन्सल्टेन्ट हुँदा एउटा नहुँदा अर्को। सहयोग पाउँदा एउटा नपाउँदा अर्को। विदेशीले आफ्नो स्वार्थ अनुरूप काम गरेनन् होला त? पक्कै गर े, सधैं गर्छन् त। तपाईंको घर बा-आमासँग झगडा पर्छ भने त्यो मूलत: तपाईंहरू बीच रहेको अविश्वासका कारण हुन्छ। छिमेकीले उक्साएर झगडा पर्छ भने त्यसलाई तपाईंहरू बीचको सम्बन्धमा तिक्तताका कार ण हो भनी बुझ्दा सही निष्कर्षमा पुगिएला।

भू-राजनीति म आफैं धेरै बुझ्दिनँ। फेरि मैले बुझिनँ भन्दैमा त्यसको प्रभाव नै होइन भन्न खोजेको पनि होइन। तर सबै दोष भू-राजनीतिक शक्ति टकरावलाई दिने हो भने हामी सही निष्कर्षमा पुगिंदैन। सरकारको कार्यसम्पादन कमजोर थियो- हो। भ्रष्टाचार थियो- हो। निराशावादी र ाजनीतिक वातावरण थियो- हो। आर्थिक अवस्था जर्जर थियो- हो।

हाम्रो आन्तरिक कारण प्रधान हो, बाह्य कारण होला तर अनेकथरी मिथक त्यसको वरिपरि बुनेर हाम्रो आन्तरिक अवस्था गज्जब थियो भन्ने भाष्य निर्माण निकै हानिकारक छ। यदि देशलाई उपचार गर्ने हो भने यो सतही विश्लेषणले हामीलाई गलत ओखती दिनेछ।

अन्त्यमा, अब हामी मुख्य परीक्षाको घडीमा छौं। राज्यसत्तामा करिब-करिब 'अनटेस्टेड' अहिलेको सरकारको मात्र होइन, सञ्चार क्षेत्र, सुरक्षा क्षेत्र, नागरिक समाज, प्राज्ञिक समाज सबैको परीक्षाको घडी छ। स्थापित रहिरहने कि विस्थापित उन्मुख हुने भन्ने मुख्य परीक्षा राजनीतिक दलको छ।देश राजनीतिले नै चल्नुपर्छ, विचारले चल्नुपर्छ। यसो गर्दा होला कि त्यसो गर्दा होला भनेर अस्थायी ओखती खोज्नतर्फ लागियो भने स्थायी क्षति हुने स्पष्ट छ।

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# के एआईको सहयोगमा मृत व्यक्तिसँग पनि कुराकानी गर्न सम्भव छ ?



आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को विकास यति उच्चस्तरमा पुगिसकेको छ कि यसले मरिसकेका व्यक्तिहरूको आवाज, कुराकानी र स्मरणहरूलाई पनि पुनः जीवित तुल्याउन सक्छ।

हो, तपाईंले सही सुन्नुभयो ! केही कम्पनीहरूले यस्ता एआई च्याटबोटहरू निर्माण गरिरहेका छन्, जसको मद्दतले मानिसहरूले आफ्ना बितिसकेका प्रियजनहरूको डिजिटल संस्करण बनाउन सक्छन् र उनीहरू जीवितै भएको जस्तो अनुभव प्राप्त गर्न सक्छन् ।

यो प्रविधिको नाम 'डिजिटल आफ्टरलाइफ' (मृत्युपछिको डिजिटल जीवन) वा 'डेथबोट्स' हो ।

### *'डेथबोट्स' के हुन्?*

'डेथबोट्स' भनेका यस्ता आर्टिफिसियल इन्टेलिजेन्स प्रणालीहरू हुन् जसले कुनै दिवङ्गत व्यक्तिको बोल्ने तरिका, आवाज र व्यक्तित्वलाई पुनः सिर्जना गर्न सक्छन् ।

यी प्रणालीहरूले व्यक्तिको आवाज रेकर्डिङ, टेक्स्ट सन्देशहरू, ईमेलहरू र सामाजिक सञ्जाल पोस्टहरू जस्ता उपलब्ध डेटा सङ्कलन गर्छन् ।

यसरी सङ्कलित डेटाको आधारमा एआईले एउटा यस्तो डिजिटल अवतार तयार गर्छ जो व्यक्तिको मृत्युपश्चात् पनि बोल्न सक्छ । केही समयअघिसम्म यस्ता कुराहरू काल्पनिक लाग्थे, तर एआईको विकासले गर्दा यो अब वास्तविकता बन्न थालेको छ ।

### *रोमाञ्चक तर केही डरलाग्दो अनुभव*

डेथबोट्ससँगको अनुभव रोमाञ्चक तर केही हदसम्म डरलाग्दो पनि पाइएको छ । वैज्ञानिक प्रयोगहरूले दुई प्रकारका अनुभव देखाएका छन् ( पहिलो, जहाँ प्रणालीहरूले केवल यादहरू (जस्तै बाल्यकालका कथाहरू वा सल्लाहहरू) लाई व्यवस्थित गरी डिजिटल डायरी वा अभिलेख बनाउँछन् । त्यस्तै दोस्रो चाहीँ त्यसभन्दा अत्याधुनिक च्याटबोट हुन् जसले मृत्यु भइसकेका व्यक्तिका डेटाबाट उही शैली र आवाजमा कुरा गर्छन् । मेसिन लर्निङको प्रयोगले गर्दा यी च्याटबोटहरू समयसँगै अझै स्मार्ट हुँदै जान्छन् ।

### *के वास्तविक रूपमा आफ्नै मान्छेसँग कुरा गरेजस्तो लाग्छ ?*

च्याटबोटसँग पहिलो पटक कुरा गर्दाको अनुभव भावनात्मक र असामान्य हुन्छ । कहिलेकाहीँ एआईले ठ्याक्कै मिल्ने जवाफ दिन्छ भने, धेरै पटक त्यसका जवाफहरू नक्कली वा भावनाशून्य लाग्छन् ।

उदाहरणका लागि, 'मलाई तिम्रो धेरै याद आउँछ' भन्ने कुराको जवाफमा एआईबाट 'म यहीं छु, तिम्रो साथ दिन सधैं तयार छु' भन्ने जस्तो जवाफ सुन्दा राम्रो लागे पनि त्यसमा मानिसमा हुने वास्तविक भावनाको कमी देखिन्छ ।

कहिलेकाहीँ त एआईले गम्भीर विषयमा पनि हाँसोको इमोजी पठाउने जस्ता आश्चचर्यजनक व्यवहार देखाउँछ, जसले प्रयोगकर्तालाई अप्ठेरो महसुस गराउँछ ।

### *मृत्युको अर्थतन्त्र*

वास्तवमा यो प्रविधि द्रूत गतिमा ठूलो व्यवसाय बन्दै गएको छ । धेरै स्टार्टअप कम्पनीहरूले 'डिजिटल आफ्टरलाइफ सेवा' को नाममा मानिसहरूबाट शुल्क लिइरहेका छन् । उनीहरू यो प्रविधिलाई आफ्नो कहानी सधैंका लागि सङ्ग्रह गर्ने माध्यमका रूपमा प्रचार गर्छन् ।

तर विज्ञहरूको भनाइ अनुसार यी कम्पनीहरूले मुख्य रूपमा मानिसका व्यक्तिगत डाटा जम्मा गरेर त्यसबाट आम्दानी गरिरहेका छन् । यसरी यो प्रविधि एक नयाँ मृत्युको अर्थतन्त्रको रूपमा विकास भइरहेको छ, जसले व्यक्तिको मृत्युपछि पनि उसको डेटाको माध्यमबाट पैसा कमाउने बाटो खोलिदिएको छ । *एजेन्सीको सहयोगमा*

# आन्दोलनका घाइतेलाई परिचयपत्र वितरण सुरु

दैनिक समाचारदाता

महोत्तरी, २७ कात्तिक । नेपाल सरकारको निर्देशनअनुसार जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण प्रक्रिया महोत्तरी जिल्लामा सुरु गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय, महोत्तरीले बुधबार जारी गरेको सूचनामार्फत जिल्लाभित्र स्थायी ठेगाना भएका घाइते व्यक्तिहरूलाई सक्कल नागरिकता प्रमाणपत्रसहित कार्यालयमा सम्पर्क गर्न अनुरोध गरेको हो ।

सहायक प्रमुख जिल्ला अधिकारीको हस्ताक्षरमा जारी सूचनामा भनिएको छ, "गृह मन्त्रालय (राहत तथा तथ्याङ्क व्यवस्थापन शाखा) बाट प्राप्त निर्देशन तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको विवरणअनुसार जेनजी आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूलाई परिचयपत्र वितरण गरिनुपर्ने भएकाले सम्बन्धित



व्यक्तिहरूले कार्यालयमा सम्पर्क गरी परिचयपत्र प्राप्त गर्नुपर्नेछ ।"

कार्यालयले उपलब्ध गराएको विवरणअनुसार परिचयपत्र वितरणका लागि पहिचान गरिएका घाइतेहरूमा अरविन्द साह (३१ वर्ष, गौशाला-९), रञ्जन कुमार यादव (२८ वर्ष, महोत्तरी), सञ्जय श्रेष्ठ (२९ वर्ष, महोत्तरी), रामबाबु सिंह (५८ वर्ष, महोत्तरी), प्रदीप सिंह (२९ वर्ष, बर्दिबास), सर्वेश यादव (२२ वर्ष, बर्दिबास) र अरुण साह (३१ वर्ष, महोत्तरी) रहेका छन् ।

उनीहरू आन्दोलनका क्रममा घाइते भएपछि नेशनल ट्रमा सेन्टर, सिभिल सर्विस अस्पताल, किर्तिपुर अस्पताल र रामेछाप अस्पताल लगायतका स्वास्थ्य संस्थामा उपचार गराइएको थियो ।

जिल्ला प्रशासन कार्यालयले तोकिएको समयसीमाभित्र सम्पर्क गरी परिचयपत्र ग्रहण गर्न आग्रह गर्दै भनेको छ, "परिचयपत्र वितरण कार्य नेपाल सरकारको राहत कार्यक्रमसँग सम्बन्धित भएकाले समय मै सम्पर्क नगरिएमा प्रक्रिया ढिलो हुन सक्नेछ ।"

जेनजी आन्दोलनका क्रममा विभिन्न स्थानमा भएको भिडन्तमा धेरैजना घाइते भएका थिए । ती घाइतेहरूको पहिचान, उपचार खर्च व्यवस्थापन र राहत वितरणलाई व्यवस्थित गर्न नेपाल सरकारले परिचयपत्र वितरण प्रक्रिया अघि बढाएको हो ।

## जनकपुर......

उनीहरूले मधेश भवनको गेटमा विगत तीन दिनदेखि धर्ना जारी राखेका छन् । सात दलका नेताहरूको आरोप छ कि संविधानको धारा १६८ को उपधारा २ अनुसार बहुमतीय सरकार बन्न सक्ने अवस्था हुँदाहुँदै पनि गलत नियतका साथ उपधारा ३ प्रयोग गरी एमालेको नेतृत्वमा सरकार गठन गरिएको हो । उनीहरूले ७४ जना सांसदहरूको समर्थन भएको गठबन्धनलाई बेवास्ता गरेर प्रदेश प्रमुखले संविधान विपरीतको कदम उठाएको दाबी गरेका छन् ।

तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले कात्तिक २३ गते नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवलाई धारा १६८(३) अनुसार मुख्यमन्त्रीमा नियुक्त गरेकी थिइन् । त्यसको भोलिपल्ट कात्तिक २४ गते उनले महोत्तरीको कालापथ्थर जंगलस्थित एक रिसोर्टमा मुख्यमन्त्रीलाई शपथग्रहण गराएकी थिइन् । राजधानी जनकपुरधाममा नभई जंगलको रिसोर्टमा शपथग्रहण गराइएको विषयले थप विवाद निम्त्याएको हो । विपक्षी दलहरूले यसलाई संवैधानिक प्रक्रियाबाट भाग्ने र छलपूर्ण नाटकको संज्ञा दिएका छन् ।

सत्ता पक्षले भने प्रदेश प्रमुखको निर्णय संविधानसम्मत रहेको र सबैभन्दा ठूलो दलका नेताको हैसियतले सरोजकुमार यादवको नियुक्ति स्वाभाविक भएको तर्क गरेको छ । एमालेका नेताहरूले अहिलेको विवाद राजनीतिक स्वार्थ र अवसरवादको परिणाम भएको बताउँदै प्रदेशमा स्थायित्व ल्याउन नयाँ सरकारको गठन अपरिहार्य भएको बताएका छन् ।

सडकमा दुबै पक्षको शक्ति प्रदर्शनसँगै जनकपुरधाममा सुरक्षात्मक सतर्कता उच्च स्तरमा पुगेको छ । प्रहरी प्रशासनले मधेश भवन, विमानस्थल र प्रदेशसभा परिसरमा बाक्लो सुरक्षा घेराबन्दी गरेको छ । यद्यपि, दुबै पक्षले आफ्ना कार्यक्रमहरूलाई शान्तिपूर्ण प्रदर्शनको रूपमा व्याख्या गरेका छन् ।

मधेशको राजनीतिक इतिहास पछिल्लो पाँच वर्षमा लगातार सरकार परिवर्तन र दलगत विभाजनले चिनिएको छ । यही अस्थिरताले नीति निर्माण, विकास योजना र प्रशासनिक स्थायित्वमा गम्भीर असर पारेको विश्लेषकहरूको मत छ । संविधानको धारा १६८ को अस्पष्ट व्याख्या, प्रदेश प्रमुखको विवेकाधिकार र दलहरूको स्वार्थ केन्द्रीय विवादका कारण बनेका छन् ।

जनकपुरधामको सडकमा देखिएको यो शक्ति प्रदर्शन केवल सत्ता र विपक्षबीचको प्रतिस्पर्धा मात्र होइन, संविधानको व्याख्या र लोकतान्त्रिक अभ्यासको परीक्षा पनि हो । सत्ता पक्षले स्थायित्वको जयघोष गर्दै उत्सव मनाइरहेको छ भने विपक्ष असंवैधानिकताको आरोप लगाउँदै सडकमा उत्रिएको छ । यसबीच नागरिकहरू प्रदेशको भविष्यप्रति अनिश्चित र चिन्तित बनेका छन् ।

अब मधेश प्रदेशको राजनीति कुन दिशातर्फ मोडिन्छ, स्थायित्वको बाटो कि फेरि एक पटक अस्थिरताको चक्रमा – यसको उत्तर आगामी दिनका राजनीतिक घटनाक्रमले नै दिनेछ ।

## राष्ट्रिय.....

गराउनेहरूको विवरण छुट्नसक्ने देखिएपछि सरकारले यस्तो व्यवस्था मिलाएको हो । आयोगको निर्णयसँगै जिल्ला निर्वाचन कार्यालयहरूले कार्यान्वयनमा ल्याइसकेको जिल्ला निर्वाचन कार्यालय काठमाडौंका प्रमुख ठाकुर प्रसाद भट्टराईले जानकारी दिए ।

'राष्ट्रिय परिचयपत्र भएका नागरिकले अब मतदाता नामावलीका लागि फोटो खिच्ने, बायोमेट्रिक गर्ने लगायतका कार्यका लागि धाउनुपर्दैन । नभएकाले भने अनलाइन फारम भनेर बायोमेट्रिकका लागि आउनुपर्छ,' उनले भने ।

## सभामुख..........

सभामुख बनेका थिए । पछिल्लो घटनाक्रम सभामुख मण्डल र एमलेकै कोटाको प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको कारण निम्तिएको भन्दै सात दल रुष्ट छन् ।

सभामुखले एमालेको भएको कारण सत्तापक्षीय दलहरू छलफल गरिरहेकै बेला सभामुख मण्डलले सदनको कामकारबाही अगाडि बढाएको र बाध्य भएर तत्कालीन मुख्यमन्त्री सोनलले राजीनामा दिनु परेको सात दलीय गठबन्धनको जिकिर छ ।

भित्र अविश्वासको प्रस्ताव दर्ताबारे दलका नेताहरू छलफलमा बसेको कांग्रेसका प्रमुख सचेतक कुमारकान्त झाले बताए । संविधानमा दुई तिहाइ बहुमतले सभामुख हटाउन सक्ने व्यवस्था रहेको छ ।

प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ (१) नियम १८० को उपनियम १ बमोजिम सभामुखलाई पदीय अनुकूल आचरण सम्बन्धी दर्ता गराउने व्यवस्था छ । यसमा ६४ जना सांसदले हस्ताक्षर गरेका छन् । तर, सभामुखविरुद्ध अविश्वास प्रस्ताव पारित गर्न दुई तिहाई बहुमतले पारित गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।



***सडकमा प्रदेश साँसद:*** आज तेस्रो दिन विहिवार मधेश प्रदेशको मुख्यमन्त्री कार्यालय जानेबाटोमा सात दलका मधेश साँसदहरु सडकमा धर्नामा बसेका तस्वीर । मधेश प्रदेशका मुख्यमन्त्री सरोज यादवको नियुक्ति खारेजको माग गर्दै तेस्रो दिन सडकमा धर्नामा बसेका हुन । तस्वीर धीरेन्द्र झा

# महिलाको हत्या गर्ने महिला पक्राउ



दैनिक समाचारदाता
जनकपुरधाम, २७ कात्तिक । धनुषामा सुनचाँदीका गरगहना लुटपाट गरी महिलाको हत्या गरेको आरोपमा एक महिलालाई प्रहरीले पक्राउ गरेको छ ।

धनुषाको हंसपुर नगरपालिका(७ नुवाखोर टोलकी ६२ वर्षीया चन्द्रकला देवी दासको हत्या गरी गरगहना लुटपाट गरेको अभियोगमा सोही टोलकी बिहारी मण्डलकी ४५ वर्षीया श्रीमती पवित्रा देवी मण्डललाई धनुषा प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार चन्द्रकला देवी दास यही कात्तिक २४ गते ( सोमबार) राति ९ बजे आफ्नै घरबाट पाँच सय मिटरको दूरीमा मृत अवस्थामा फेला पर्नुभएको थियो ।

प्रहरीले अनुसन्धानका क्रममा आरोपी पवित्रा देवी मण्डलले मृतकको साथबाट सुनचाँदीका गरगहना लुटेको पत्ता लगाएको छ । बरामद गरिएका गरगहनामा झुम्का दुई थान, बाली दुई थान, मंगलसुत्र दुई थान र खुट्टामा लगाउने कडा दुई थान रहेका छन् । साथै मृतकलाई प्रहार गर्न प्रयोग गरिएको धारिलो हतियार (दाउ) समेत प्रहरीले बरामद गरेको जनाएको छ ।

प्रहरीले पवित्रा देवी मण्डललाई नियन्त्रणमा लिएर जिल्ला अदालत धनुषाबाट म्याद थप गरी थप अनुसन्धान अघि बढाइरहेको जनाएको छ ।

# सप्तरीको मुसहर बस्तीमा ९० परिवार अझै हैजा जोखिममा

दैनिक समाचारदाता
सप्तरी, २७ कात्तिक । सप्तरीको छिन्नमस्ता गाउँपालिका ५ लोखरम मुसहर बस्तीमा तीन हप्ता अघि सुरू भएको हैजा अहिलेसम्म नियन्त्रणमा आउन सकेको छैन ।

हाल राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा दुई जना हैजा सङ्क्रमितको उपचार भइरहेको छ भने झाडापखालाका पाँच जना बिरामीको होम आइसोलेसनमा उपचार भइरहेको छिन्ननमस्ता गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख दिपेन्द्र यादवले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "२४ घण्टा भित्र सात जना बिरामी भेटिएको छ । उनीहरूको उपचार भइरहेको छ । हैजा सङ्क्रमित तथा झाडापखालाबाट प्रभावित अहिलेसम्म ७७ जना बिरामीको उपचार भएर निको भइसकेको छ ।"

पहिले तीनवटा मात्र चापाकल भएको मुसहर बस्तीमा बसोबास गर्ने ९० परिवारले नुहाउने, भाडा मस्काउने र लुगा धुदै आएकाले भलुवाही खोलाको पानी र पोखरीमा देखिएको हैजाको श्रोतबाट बस्तीमा हैजा फैलिएरको थियो । यसक्रममा स्थानीय बुधन सदाका ८ वर्षीया छोरी राघिनी, चार वर्षीय छोरा संजिव तथा ६५ वर्षीय बुबा लक्षामण सदा गरी एकै परिवारका तीन जनाको मृत्यु भएको थियो ।



बस्तीमा हैजा फैलिएपछि स्थानीय पालिकाले स्वास्थ्य कार्यालयसँग समन्वय गरी सात वटा पानीको परीक्षण गराउँदा भलुवाही खोला र पोखरीको पानीमा हैजाको जिवाणु भेटिएको छिन्नमस्ता गाउँपालिकाको अध्यक्ष बिद्यानन्द चौधरीले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "पहिलेको तुलनामा हैजा र झाडापखाला न्यूनीकरण भएको छ । स्वास्थ्यकर्मीहरू बस्तीको घरघर पुगेर निरन्तर उपचार तथा झाडापखाला र हैजाबाट जोगिनका लागि निरन्तर जनचेतना फैलाई रहेका छन् ।"

वडाका विद्यालयका विद्यार्थी, समुदायमा सरसफाइको महत्त्व, हैजा सर्ने कारण र बच्ने उपाय लगायतको विषयमा निरन्तर रूपमा जानकारी गराइरहेको र सरसफाइमा समेत विभिन्न संघसंस्थाले सहयोग गर्दै आएको उहाँले बताउनुभयो ।

हैजाले बिकराल रूप लिएपछि तत्कालका लागि घेरवार गरी दिसापिसाब गर्नका लागि अस्थायी शौचालयको व्यवस्था मिलाए पनि उक्त बस्तिको ९० परिवार अहिले पनि दीर्घकालीन शौचालयबाट बञ्चित रहेको स्थानीयको भनाइ छ ।

# विराटनगर महानगर पालिकामा साढे ९८ करोडको क्षति

दैनिक समाचारदाता
विराटनगर, २७ कात्तिक । जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते आगजनी, तोडफोड र लुटपाट हुँदा विराटनगर महानगरपालिकामा मात्रै ९८ करोड ६३ लाख भन्दा बढीको क्षति भएको छ । महानगरपालिकाको प्रशासनिक भवन, वडा कार्यालय, सवारीसाधन र मेसिनरी उपकरण नष्ट हुँदा ९८ करोड ६३ लाख २१ हजार ७१९ रुपैयाँ बराबरको क्षति भएको हो । महानगरपालिकाका मेयर नागेश कोइरालाका अनुसार भौतिक संरचनातर्फ २३ करोड ३७ लाख ५८ हजार २३४ रुपैयाँ बराबरको क्षति भएको छ । जेनजी आन्दोलनमा महानगरको प्रशासनिक भवन ध्वस्त भएको थियो । वडा नम्बर १, २, ३, ४, ५, ६, ७, ८,९, १०, ११, १२ र १९ नम्बर वडामा आगजनी, तोडफोड र लुटपाट भएको थियो । महानगरपालिकामा रहेको स्काभेटर, शववाहन, मोटरसाइकल, जेनेरेटर, कम्प्युटर, फर्निचर, मसलन्दलगायत सामग्री नष्ट हुँदा ७५ करोड २५ लाख ६३ हजार ४८५ रुपैयाँ बराबरको क्षति भएको छ । वडागत रुपमा संकलन गर्नुपर्ने परेका कारण क्षतिको पूर्ण विवरण आउन समय लागेको मेयर कोइरालाले बताए । आगजनीबाट विराटनगर महानगरपालिकाको प्रशासनिक भवनमा रहेका सम्पूर्ण कागजात नष्ट भएको थियो । अराजक समूहले महत्वपूर्ण कागजात रहेको कोठा खोजीखोजी आगजनी गरेका थिए । महानगरको घरनक्सा, राजस्व र नागरिकको सेवा प्रवाहसँग जोडिएका अन्य कागजत नष्ट हुँदा सेवा प्रवाहमा समस्या भएको छ । प्रशासनिक भवन र वडा कार्यालयहरूमा आगजनी भएका कारण महानगरपालिकाले टेन्टमार्फत सेवा प्रवाह गरेको थियो । कार्यालय सञ्चालनका लागि भवन मर्मत भइरहेको छ ।


## राहदानी हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा निम्न व्यहोरा भएको राहदानी हराएको छ । पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्‍याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : सुनिल कुमार मण्डल
ठेगाना : जि.सिरहा -नरहा गाउँपालिका वडा नं. १ देवीपुर
हाल : जि.ध.जनकपुरधाम उपमहानगरपालिका वडा नं.-४
राहदानी न.: ०९७९७८१
फोन न. : ९८२९७२०१५७










'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४